# कोल्हवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, कोल्हवी, बारा
## मधेश प्रदेश, नेपाल

**आ.व.२०८३/०८४ को लागि ढुंगा, गिट्टी, बालुवा, आदि नदीजन्य पदार्थ बिक्री वितरण शुल्क आय ठेक्का सम्बन्धी सीलबन्दी बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति: २०८३।०६।०८ गते)**

**(बोलपत्र बिक्रि गर्ने अन्तिम मिति: २०८३/०६/२८ गते)**

**(बोलपत्र दाखिला गर्ने अन्तिम मिति: २०८३/०६/२९ गते दिनको १२ बजे भित्र)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ(६) ले दिएको अधिकार बमोजिम यस कोल्हवी नगरपालिकाको मिति २०८३/०६/०७ गतेको कार्यपालिका बैठकबाट भएको निर्णयानुसार मधेश प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयको मिति २०८२/१२/२० गतेको निर्णयबाट कोल्हवी नगरपालिका क्षेत्राधिकार तथा वन क्षेत्रभित्र बग्ने बकैया नदीको विभिन्न बगरक्षेत्रबाट गिट्टी, बालुवा उत्खनन् तथा संकलन कार्यका लागि स्वीकृत यस कोल्हवी नगरपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) ले तोके बमोजिमको दररेटबाट बकैया खोलाको विभिन्न निर्धारित क्षेत्रहरुबाट नदीजन्य पदार्थहरु (ढुंगा, गिट्टी, बालुवा आदि) को बढाबढको माध्यमबाट ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा कर चुक्ताको प्रमाणित प्रतिलिपिहरुका साथै उक्त कार्य गर्न योग्य भएको स्व-घोषणापत्र पेश गरी निम्न शर्तहरुका अधीनमा रही सीलबन्दी वोलपत्र आव्हान गरिएको छ।

<u>नदीजन्य पदार्थ संकलन तथा बिक्री आय ठेक्का विवरण</u>

| Contract No. | Project Name | Extracting Quantity (Cubic Ft.) | Minimum Bidding Amount exclusive vat | Bid Security |
|---|---|---|---|---|
| KM/01/RBM/083/084 | The sale and distribution of River borne Materials as per the approved IEE reports in Bakaiya Khola | 2859075.4 Cft | Rs. 2,57,31,678.60 ( Two Crore Fifty-Seven Lakh Thirty-One Thousand Six Hundred Seventy-Eight Rupees Sixty Paisa ) | 5% of Bid Amount |

विस्तृत जानकारीका लागि यस कार्यालयको वेबसाइट www.kolhabimun.gov.np मा हेर्नुहुन अनुरोध छ ।

रमेश श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

<u>बोलपत्रका शर्तहरु :</u>

१. बोलपत्र फाराम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र फाराम दस्तूर वापत रु ५,०००। (अक्षरुपी रु. पाँच हजार मात्र) कोल्हवी नगरपालिकाको राजस्व शाखामा नगदै दाखिला गरी खरिद गर्न सकिनेछ र खरिद भएका बोलपत्रहरु २२ औं दिन अपरान्ह १२:०० बजेसम्म यस कार्यालयमा ठेक्का नं., किसिम, बोलपत्रदाताको नाम र ठेगाना, सम्पर्क नं. आदि विवरणहरु खाममा स्पष्ट खुलाई सीलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ। दर्ता हुन आएका बोलपत्र सोही दिनको १:०० बजे सरकारी कार्यालय र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। धरौटी वापतको रकम नगद संलग्न गरेकोलाई मान्यता दिइने छैन। बोलपत्र खरिद गर्ने र बुझाउने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन उक्त कार्यहरु गरिनेछ।

२. खरिद भएको सीलबन्दी बोलपत्र फाराम आफूले कबोल गरेको कुल ठेक्का अंकको ५% धरौटी रकम नगदै श्री कृषि विकास बैंक, कोल्हवीमा रहेको यस कार्यालयको धरौटी खाता नं. ०५२६७०१३७४३८९०३६ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तीमा १५० दिन म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैंकको बैंक जमानीपत्र (बिड बण्ड) संलग्न गरी रीतपूर्वक सहीछाप तथा सीलबन्दी गरी बोलपत्रदाता आफैं वा प्रतिनिधि मार्फत् यस कार्यालयमा दाखिला गर्न सकिनेछ।

३. बोलपत्रदाताले पेश गरेको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा दर्ता गर्ने अन्तिम समय समाप्त हुनु भन्दा कम्तीमा चौबिस घण्टा अगावै फिर्ता वा संशोधन गर्नु पर्नेछ।

४. बोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। टिपेक्स लगाएको बोलपत्रलाई मान्यता दिइनेछैन।

५. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको मितिले १५ (पन्ध्र) दिनभित्र नियमानुसार आयकर / मू.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। सो अवधिभित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहनेछ।

रमेश श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

६. ठेकेदारले आफूले कबोल गरेको कुल रकम तीन किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता आफूले कबोल गरेको कुल ठेक्का रकमको ४० (चालिस) प्रतिशत रकम सम्झौता गर्ने समयमा नै बुझाउनु पर्नेछ। दोस्रो किस्ता बापत ठेक्का अंकको ३० (तिस) प्रतिशत २०८३ पौष मसान्त भित्र र बाँकी ३० (तिस) प्रतिशत रकम २०८३ चैत्र मसान्तभित्र बुझाइसक्नुपर्नेछ। सम्झौता गर्न आउँदा बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको ६० प्रतिशत बराबरको मिति २०८४ असोज मसान्तसम्मको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकको जमानत (पर्फरमेन्स बण्ड) पेश गर्नुपर्नेछ।

७. ठेकेदारले नियमानुसार तोकिएको बिक्री शुल्कमा मूल्य अभिवृद्धि कर थप गरी लिनु पर्नेछ। उक्त मूल्य अभिवृद्धि कर ठेकेदारले आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ। सो बाहेक पनि नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ। ठेक्का रकमबाट कटाउन पाईने छैन।

८. वन्द, हड्ताल, चक्काजाम लगायत अन्य मानव सृजित कारणबाट सृजना हुने परिस्थिति र अवस्थाको कारण कर छुट वा मिनाहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन। साथै, कर छुट वा मिनाहा माग गर्न पाईने छैन।

९. वालुवा, ढुङ्गा, गिट्टी, ग्राभेलको संकलन तथा बिक्री वितरण कार्य गर्दा/ गराउँदा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, मधेश प्रदेश, वन तथा वातावरण मन्त्रालयवाट स्वीकृत IEE प्रतिवेदनले तोकेको विषय तथा प्रचलित कानूनमा उल्लेखित शर्तहरुको पूर्ण पालना गर्नुपर्नेछ। IEE को शर्त पालना गर्दा वातावरणीय नकरात्मक प्रभाव न्यूनीकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले व्यहोर्नु पर्नेछ। नेपाल सरकारबाट बन्देज लगाईएको अवधिमा खोलाबाट नदीजन्य पदार्थ झिक्न पाइने छैन।

१०. ठेक्का अवधि सम्झौता भएको मिति देखि लागू भई सो बमोजिम उत्खनन् कार्य मिति २०८४ साल जेष्ठ मसांन्तसम्म र निकासी कार्य मिति २०८४ साल भाद्र मसान्त सम्म हुनेछ।

११. नदीजन्य पदार्थको घाटगद्दी गर्नै जिम्मेवारी ठेकेदार स्वयमको हुनेछ । घाटगद्दी गरेपश्चात् स्टक प्रमाणित गरेर मात्र नदिजन्य पदार्थको बिक्री वितरण गर्न पाइनेछ । घाटगद्दी गर्दा लाग्ने खर्च ठेकेदार आफैले बेहोर्नुपर्नेछ ।

१२. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन ।

रमेश श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

१३. ठेक्का सम्झौता भएपछि कर कार्यालयको कर क्लियरेन्स फुकुवा पत्र प्राप्त भएपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ ।

१४. अदालत, नेपाल सरकारको निर्देशन तथा आदेशको पालना गर्नु गराउनु ठेकेदारको कर्तव्य हुनेछ ।त्यसबाट हुनजाने कुनै हानी नोक्सानीको क्षतिपुर्ति स्वरुप कुनै दावी गर्न पाइने छैन ।

१५. यसमा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम र यसमा उल्लेख नभएका अन्य विषयहरुको हकमा स्थानिय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, नगर कार्यपालिकाको निर्यण तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

१६. वोलपत्र सम्वन्धी विस्तृत जानकारीको लागि कोल्हवी नगरपालिकाको वेभ साईट www.kolhabimun.gov.np मा हेर्नु हुन वा कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नु हुन सम्वन्धित सवैलाई जानकारी गराइन्छ।

१७. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित हुनेछ। बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुनेछैन। शर्त सहितको बोलपत्र बदरभागी मानिनेछ। साथै, रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन।

रमेश श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner